Patan Gyansagar, 7(1), 75-97, June 2025, ISSN: 2467-9534

# नदी किनाराका माझी कवितामा सीमान्तीकरण प्रक्रिया

चन्द्रप्रसाद ढकाल
विश्वभाषा क्याम्पस, त्रिभुवन विश्वविद्यालय
Email: dhakalchandra33@gmail.com

Received: August, 2024, Revised: February, 2025, Accepted: June, 2025

Copyright © 2025 The Author(s)

https://doi.org/10.3126/pg.v7i1.79571

**लेखसार**

नदी किनाराका भाझी' मोहन कोइरालाको लामो कविता हो । यो *नदी किनाराका माझी* लामा कवितासङ्ग्रहको पहिलो क्रममा रहेको कविता हो । यसमा नदीको किनारामा बसोवास गर्ने माझी समुदायको जीवनपद्धतिलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा 'नदी किनाराका माझी' कवितामा रहेका सीमान्तीय वर्गको सीमान्तीकरण प्रक्रियाको निरूपण गरिएको छ । यस अध्ययनलाई पूरा गर्नका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्रीको सङ्कलन गरिएको छ । यो अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । यसमा सङ्कलित सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक ढाँचा सीमान्तीय अध्ययन पद्धतिमा आधारित छ । यसमा सीमान्तीकरण प्रक्रियाको अध्ययन गर्नका लागि भाग्यमा विश्वास, परम्परा तथा ऐतिहासिक पृष्ठभूमि, अशिक्षा र अन्धविश्वास, मुखिया पद्धतिलाई विश्लेषणका आधार बनाइएको छ । यसरी विश्लेषण गर्दा यस कृतिमा रहेको सीमान्तीय समुदायको माझी भाग्यवादी, परम्परामा विश्वास गर्ने, अशिक्षित, अन्धविश्वासमा विश्वास गर्ने र मुखिया पद्धतिमा विश्वास गर्ने भएकाले सीमान्तीय बन्न गएको देखिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी**: अन्धविश्वास, अशिक्षा, माझी, मुखिया, सीमान्त

## १= विषयपरिचय

मोहन कोइराला (१९८३–२०६३) आधुनिक नेपाली कविता क्षेत्रमा प्रयोगवादी कविका रूपमा परिचित छन् । 'बुझिसकेँ' (२००७) उनको पहिलो प्रकाशित कविता हो । स्वच्छन्दतावादको बाहुल्य र यसले

निश्चित उचाइ प्राप्त गरिसकेपछि नेपाली कविहरू नयाँ किसिमका कविता लिएर देखापर्न थाल्छन् जसको परिणाम स्वरूप रूपरेखा (२०१७) पत्रिकाको प्रकाशन आरम्भ भएको हो । यही रूपरेखा मा 'घाइते युग' शीर्षकको कविता प्रकाशन गरी मोहन कोइरालाले नेपाली काव्यमा नयाँ युगको थालनी गरेका हुन् । उनका नयाँ शैलीका कविता प्रयोगवादी प्रकारका छन् । उनका प्रकाशित साहित्यिक कृतिहरूमा सूर्यदान (२०२२), लेक (२०२३), मोहन कोइरालाका कविता (२०३०), नून शिखरहरू (२०३१),सारङ्गी बोकेको समुद्र (२०३४), हिमचुली रक्तिम छ (२०३५), नदी किनाराका माझी (२०३८), ऋतु निमन्त्रणा र गरल पान (२०४०), नीलो मह (२०४१), एउटा पपलरको पात (२०४७), गजपथ (२०५९), यतीका पाइला खोज्दै (२०६०), सिमसारका राजदूत (२०६५) रहेका छन् । विवेच्य कृति 'नदी किनाराका माझी' सोही शीर्षकको लामा कवितासङ्ग्रहभित्र पहिलो क्रममा रहेको कविता हो। नदी किनाराका माझी लामा कविताको सङ्ग्रह हो। यसमा रहेका छओटा कवितामध्ये पहिलो क्रममा 'नदी किनाराका माझी' रहेको छ । 'नदी किनाराका माझी' कविता ३६ पृष्ठको आयाममा पैmलिएको छ । यसमा नेपाली जनजीवनका गरिबी, अशिक्षा, बेरोजगारी, विसङ्गति आदिको चित्रण गरिएको छ (भट्टराई, २०६६, पृ. १४९) । 'नदी किनाराका माझी' कवितामा विषयवस्तु र शिल्प-शैलीमा पनि नवीनता रहेको पाइन्छ । यसको विषयवस्तुमा गाउँको मुखिया र उसको हैकमवादी प्रवृत्ति, माझीहरूका बीचमा आरोप-प्रत्यारोपहरू, विभिन्न अभावबाट गुज्रिएको तिनीहरूको जीवन र त्यसबाट बाँच्नुपर्ने बाध्यता आदि आएका छन् (गौतम, २०६८, पृ. १३८) । 'नदी किनाराका माझी' कवितामा आएका यी विषयबाट प्रस्तुत कृतिमा सीमान्तीय वर्गको उपस्थिति रहेको कुरा बुझ्न सकिन्छ । माझी सीमान्तीय बन्नुका पछाडि रहेका कारणनै सीमान्तीकरण प्रक्रिया हुने भएकाले प्रस्तुत लेखमा यस लामो कवितामा रहेको सीमान्तीय वर्ग सीमान्तीय बन्नुको कारण खोजी गरिएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको आधार

प्रस्तुत अध्ययनमा पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ।यसमा मोहन कोइरालाको 'नदी किनाराका माझी' कवितालाई प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ भने सीमान्तीय अध्ययनसँग सम्बद्ध सैद्धान्तिक अवधारणा र 'नदी किनाराका माझी' कविताका बारेमा गरिएका टिकाटिप्पणी, लेख आदि द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यो अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । यसमा सङ्कलित सामग्रीको विश्लेषण विषयवस्तु विश्लेषण विधिमा गरिएको छ । प्रस्तुत अध्ययनको सैद्धान्तिक ढाँचा सीमान्तीय अध्ययन पद्धतिमा आधारित छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । सीमान्तीकरण प्रक्रिया यस अध्ययनको मुख्य अवधारणा हो

भने भाग्यमा विश्वास, परम्परा तथा ऐतिहासिक पृष्ठभूमि, अशिक्षा र अन्धविश्वास, मुखिया पद्धति त्यसका सूचक हुन् । यिनै पक्षलाई प्रस्तुत अध्ययनमा विश्लेषणका सामग्रीका रूपमा लिई मोहन कोइरालाको 'नदी किनाराका माझी' कवितामा रहेको सीमान्तीकरण प्रक्रियाको विश्लेषण गरिएको छ ।

सीमान्तीय अध्ययन अङ्ग्रजी पदावली 'सबाल्टर्न स्टडिज' को नेपालीकरण गरिएको रूप हो । त्यसैले यस लेखमा सबाल्टर्नका सट्टामा सीमान्त शब्दको प्रयोग गरिएको छ । पहिलो पटक सबाल्टर्न शब्दको प्रयोग एन्टिनियो ग्राम्चीले गरेको हुन् । नवमाक्र्सवादी धाराका ग्राम्चीले इटलीको ग्रामीण क्षेत्रमा बसोवास गर्ने निम्न वर्गीय मानिसलाई सबाल्टर्न भनेका छन् (ग्राम्ची, सन् १९७१, पृ. २०२) । ग्राम्चीले प्रस्तुत गरेको यही सबाल्टर्न शब्दलाई लिएर गायत्री चक्रवर्ती, रञ्जीत गुवा आदिले सीमान्तीय अध्ययनलाई व्यापक र विस्तृत बनाएका छन् । उनीहरूले यसलाई सीमान्तीय प्रतिनिधित्व, प्रतिरोध र आवाजसँग जोड्दै इतिहासको पुनर्लेखनको मान्यतालाई महत्व दिएका छन् । गायत्री चक्रवर्तीले सीमान्तीय वर्गमा निर्वाहमुखी किसान, असङ्गठित किसान मजदुरहरू, आदिवासी र सहर वा ग्रामीण इलाकाका मजदुरहरू भएको बताएकी छन् (चक्रवर्ती, सन् १९८८, पृ.८०) । चक्रवर्तीका यी विभाजन भारतीय निम्न वर्गको वर्गीकरण गर्नमा केन्द्रित भएको देखिन्छ । सीमान्तीय वर्गको पहिचानका लागि निश्चित क्षेत्र छुट्याएर मात्र सम्भव छैन ।

सीमान्तीय अध्ययनको विषय क्षेत्र व्यापक रहेको छ । यसका क्षेत्रका बारेमा विद्वानहरू अनेक मत राखेका छन् । यी मध्ये मोहनराज शर्माले 'अवरजन' नाम दिएर साहित्यिक कृतिमा प्रयुक्त सवै पात्र नभई केवल तल्लो दर्जाको पात्र मात्र अवरजन भएको, यस्ता पात्रहरू कृतिमा पहिचान गरी तिनको स्थिति, अवस्था, गतिविधि, जीवन, घटना, परिवेश, चरित्रचित्रण आदि हेर्दा अवरजनको विवेचना हुने बताएका छन् (शर्मा, २०७१, पृ. २६) । सीमान्तीय अध्ययनमा सीमान्तीय विश्लेषणका पनि पृथक क्षेत्र रहेका छन् । सीमान्तीकरण प्रक्रियाको अध्ययन गर्दा भने कृतिभित्रकै तथ्यलाई लिएर आधार बनाउँदा उचित हुन्छ । सीमान्तीय वर्गको अध्ययन गर्ने मानिसहरू सीमान्तलाई वर्ग, जनजाति, भौगोलिक स्वरूपमा उपेक्षित मानिस, दलित सवैको पर्यायको रूपमा लिन्छन् (सुवेदी, २०६८, पृ. १७) । सीमान्तीयलाई हेर्ने पनि अलग–अलग दृष्टिकोण रहेका छन् । सीमान्तलाई निमुखाका रूपमा चित्रण गर्नु चाहिँ उपयुक्त देखिन्छ । 'निमुखापन' सामाजिक, ऐतिहासिक र राजनैतिक परिप्रेक्षभित्र निर्मित भएको हुन्छ (उप्रेती, २०६८, पृ. २९०) । सीमान्तीय अध्ययन निमुखाको अध्ययन भए पनि यसलाई निमुखाको सामाजिक र ऐतिहासिकपनलाई छोडेर राजनैतिकपनको बढी व्याख्या विश्लेषण भएको पाइन्छ ।सीमान्तीय विश्लेषण नवमार्क्स वादी विचारधाराबाट प्रभावित भए पनि नेपाली समीक्षकले मार्क्सवादसँगै जोडेका र कतिपयले चाहिँ माक्र्सवाद हुँदाहुँदै सीमान्तीय अध्ययनको आवश्यकता नभएको तर्क समेत राखेका छन् । सीमान्तीय अध्ययनको आवश्यकता नठान्ने ऋषिराज बरालले सीमान्तीय अध्ययन भनेको समाज, सामाजविकासको ऐतिहासिकता, उत्पीडित वर्ग र उसको मुक्तिका बारेमा अध्ययन, विश्लेषण र संश्लेषण गर्ने अर्थसित जोडिएको बताएका छन् (बराल, २०७३, पृ.

१७२) । बरालका भनाइ माक्र्सवादसँग सम्बद्ध रहेका देखिन्छन् । सीमान्तलाई गरिब, किसान, मजदुर, भूमिहीन, सुकुम्बासी, दलित तथा सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक हरेक हिसाबबाट शोषित उत्पीडित तथा पाखा पारिएका व्यक्ति, समुह वा समुदायलाई समेटेर अध्ययन गरिएको छ (श्रेष्ठ, २०६८, पृ. २७) । उल्लिखित सबै परिभाषाले सीमान्तीय भन्नाले आर्थिक, सामाजिक, ऐतिहासिक, जातीय, राजनैतिक आदि कारणले पछाडि पारिएका लाई बुझाउँछन् । यसो हुँदाहुदै पनि अधिकांश अध्ययन राजनैतिक कारणले सीमान्तीय बन्न गएका विषयमा केन्द्रित रहेका देखिन्छन् । कोही व्यक्ति वा समुदाय सीमान्त बन्नुमा राजनैतिक बाहेक अन्य कारण पनि उत्तिकै महत्वपूर्ण रहेका हुन्छन् । कृतिभित्रको सीमान्तीय पात्र वा वर्ग कसरी सीमान्तीय बन्न गएको छ भन्ने कुराको अध्ययन गर्नका लागि कृतिमै पुग्नु आवश्यक छ । तसर्थ प्रस्तुत अध्ययनमा 'नदी किनाराका माझी' कृतिका सापेक्षतामा सीमान्तीकरण प्रक्रियालाई भाग्यमा विश्वास, परम्परा तथा ऐतिहासिक पृष्ठभूमि, अशिक्षा र अन्धविश्वास, मुखिया पद्धतिलाई अध्ययनका आधार बनाइएको छ .

## ३. परिणाम र विमर्श

### ३.१ भाग्यमा विश्वास

नदी किनाराका माझी काव्य नदीका किनारामा बसोबास गर्ने माझी समुदायका दैनिकी, समस्या, जीवन स्तर आदि विषयसँग सम्बद्ध छ । यस काव्यमा नदीका किनारामा बसोबास गर्ने माझी समुदायका मानिसहरू युगौँदेखि माछा मारेर जीविको चलाउने गरे पनि उनीहरूको जीवन कहिल्यै नसप्रिएको, त्यसको सट्टा झन् झन् अधीनस्थ बन्दै गएको अवस्थालाई देखाइएको छ । यस काव्यमा उनीहरूको जीवन मात्र नदेखाई के कारणले माझी समुदाय सीमान्तीय बनेको हो भन्ने कुरा पनि देखाइएको छ । उनीहरू सीमान्तीय बन्नका कारणको खोजी यस अध्यायमा गरिएको छ । यस लेखमा काव्यमा उपलब्ध सूचनाका आधारमा माझी समुदाय सीमान्तीय बन्नुका कारणलाई विश्लेषण गरिएको छ ।माझी समुदायमा चेतनाको स्तर अत्यन्त न्यून रहेका देखिन्छ । उनीहरूको बाहिरी संसारसँगको सम्पर्क पनि छैन । उनीहरू नदी, यसको किनार र आफ्नो समुदायबाहेक अन्य विषयमा केही कुराको जानकार छैनन् । बाहिरी संसारका बारेमा ज्ञात रहेको मुखिया पनि उनीहरूलाई सचेत गराउनका सट्टा अझ अधीनस्थ बनाउनमा केन्द्रित देखिन्छ । यस अवस्थामा उनीहरू भाग्यमा भर पर्छन्, र यही भाग्यवादी बनेका कारण अझ बढी सीमान्तीय बन्न पुग्छन् । माझीका भाग्यमा विश्वास गरेका केही दृष्टान्तहरू निम्नानुसार रहेका छन्ः

बल्झाउन सकिन्छ कि शकुनीका जुवाहरू
बल्झाउन सकिन्छ कि पानीका खालहरू
च्याँखे थापेर भाग्य, च्याँखे थापेर निर्णय

कौडा फ्याँक्दै टिप्दै नाङ्गो तिघ्रा खेल्दैछ माझी
जालले ढाक्ता नभएर खुड्गाले छोप्ता नभएर
नछोपी नहुने मझिनीका मानसिक स्थितिहरू
आज पनि खेले माझीले फ्याँकेर
अनन्त पानीमा कौडा

प्रस्तुत काव्यांश 'नदी किनाराका माझी' कविताको पहिलो अनुच्छेद हो । उल्लिखित कवितांश नदीका किनारामा बसोवास गर्ने माझीको नियतिको परिचय दिने क्रममा आएको हो । यस काव्यांशमा विवेच्य काव्यको प्रमुख पात्र माझीले भाग्यमा विश्वास गरी नदीमा जाल खेलेको विषय र उसको स्थितिका बारेमा बताइएको छ । यसक्रममा माझीको जाल खेल्ने कार्यलाई जुवा खेलसँग तुलना गर्दै भाग्य च्याँखे थापेको र जाल फ्याँकेको लाई कौडा फ्याँकिएको बताइएको छ । यस भनाइबाट प्रस्तुत काव्यांशमा आएका माझी भाग्यमा विश्वास गरी नदीमा माछा मार्ने कार्य गर्छन् भन्ने बुझिन्छ । यहाँ जालले ढाक्दा र खुँडाले छोप्दा मझिनीको इज्जत ढाक्न र छोप्न नसकिएको बताइएको छ । माझीले खेलेको भाग्यको खेलका पछाडि मझिनीका नछोपी नहुने स्थितिहरू भनी माझीको गरिबीलाई देखाउन खोजिएको छ । यसप्रकार प्रस्तुत काव्यांशमा माझी भाग्यमा विश्वास गर्ने भएकाले उसको जीवन पनि भाग्यकै भरमा रहेको र यही कारण ऊ अझ गरिब र उसको जीवन सीमान्तीय बन्दै गएको देखिन्छ ।

माछा पार्न दिँदैन, नियति भागेको छ द्रुत माछो बनेर
आज नव कल्पनाको माझी इन्द्रधनु
टुक्रा टुक्रा भाँचिएको छ, सप्त खण्डमा
बगरमाथि, झ्याउमाथि अल्झिएको छ के के माथि
पानी खेतले मात्र पुगेन विश्रान्तिले भएन दाजु हो

प्रस्तुत काव्यांश नदीको किनारामा बसोवास गर्ने माझी समुदायको जीवनपद्धतिको परिचय दिने क्रममा आएको हो । यसमा माझीको नियमित कार्य माछा मार्नु रहेको, माछा मार्ने अनेक कला र सीप माझीले पुर्खौंदेखि पुस्तान्तरण गर्दै आएको, पुर्खौंदेखि पुस्तान्तरण गरे पनि ऊ आफ्ना कला र सीपभन्दा पनि नियतिमा बढी विश्वास गर्ने स्वभावको, माछा मार्नु माझीको काम भए पनि माछा पर्नु नपर्नुलाई ऊ भाग्यका रूपमा लिने जस्ता माझीका विशेषतालाई देखाइएको छ । यस क्रममा जसरी द्रुत गतिमा भागेको माछो माझीको भाग्यमा पर्दैन, त्यसरी नै माझीको नियति पनि ऊभन्दा पर भागिसकेको बताइएको छ । यस काव्यांशमा उसका सपना वा कल्पना इन्द्रधनुष सात खण्डमा टुक्रा टुक्रा भाँचिएको कुरा पनि उल्लेख

गरिएको छ । कविको यस कथनले भाग्यमा विश्वास गरेको हुनाले माझीका सपना टुक्रिएको र उनीहरू अझ सीमान्तीय बन्दै गएको भन्ने देखिन्छ । यस्तो अवस्थाबाट पार पाउनका लागि कविले माझीलाई बैकल्पिक बाटो अपनाउन पनि सुझाव दिएका छन् । यसरी प्रस्तुत काव्यांशबाट यस काव्यमा आएको माझी बढी भाग्यमा विश्वास गर्ने देखिन्छ र भाग्यमा विश्वास गरेकै कारणले ऊ सीमान्तीय बन्दै गएको देखिन्छ ।

जाल फ्याँत्तैm कफीघर माथि जाल फ्याँत्तैm रोदी माथि

के गर्नु नगर्नुको टेबिल टेबिल माथि फायल सडक र मन्त्रालयसम्म

माझीले मस्यौदा गरेको आज कतै नगएर काव्य

भाग्यका पानीमा खोलै थर्काएर जाल फ्याँक्न

डुङ्गा हेलेर नसकेको ठाउँ आजसम्म कता कता पुग्न

विनम्र विनम्र नदी बीच उसको उपायहरू त

कहालिंदा कहालिंदा पानीमा गहिरो डुबिदिन्छ

कहिले अल्पिदिन्छ

उल्लिखित काव्यांशमा माझीले गरेका दैनिक कार्यको वर्णन गर्दै ती कार्यमार्पmत् कसरी ऊ सीमान्तीय बन्दै गएको छ भन्ने कुराको वर्णन गरिएको छ । यसमा माझी भाग्यमा माछा पर्छन् कि भन्ने आशामा खोलै थर्काएर जाल फ्याक्छ । उसको जाल फ्याक्ने बेलाका सपनालाई यहाँ मन्त्रालयका कार्यसँग तुलना गरिएको छ । यसक्रममा मन्त्रालयका अनेक कार्य कफीघर, रोदीघर, टेबिल माथिका फाइल, सडक आदि हुँदै अगाडि बढ्छन् । यी कार्यजस्तै माझीका कफीघर, रोदी, टेबिलका फाइल, सडक र मन्त्रालय सबै खोलै भएको आशय व्यक्त गरिएको छ । यी सबै माझीका कल्पना भएकाले उसले मस्यौदा गरेका यी कल्पनालाई काव्यको रूप दिई यसलाई साकार पार्न माझी खोलामा जाल हान्छ भनिएको छ । यसरी जाल खेल्न माझी नदीमा डुङ्गा हेलेर धेरै तिर पुगेको हुन्छ, तर उसका उपाय पानीको गहिराइमा डुबेका छन् र अहिले अलप भएका छन् । यसप्रकारको कथन मार्फत कविले माझीहरूको जीवनमा कुनै परिवर्तन आउन नसकेको र उनीहरू सीमान्तीय बन्दै गएको विचार व्यक्त गरेका छन् । कविको यस भनाइले प्रस्तुत काव्यांशको माझी भाग्यमा विश्वास गर्ने भएकाले ऊ सीमान्तीय बन्दै गएको छ भन्ने देखिन्छ ।

'नदी किनाराका माझी' काव्यमा उपस्थित माझी सीमान्तीय वर्गको प्रतिनिधि हो । ऊ सीमान्त हुनुका विविध कारणमध्ये भाग्यवादी भएको ले पनि हो भन्ने देखिन्छ । माझी भाग्यमा विश्वास गर्छन् । नदीमा

माछा पार्नुलाई, आफ्नो जीवनको अवस्थालाई उनीहरू भाग्यकै फलका रूपमा लिन्छन् । भाग्यकै कारण माझी हुनुपरेको सम्मका विचार उनीहरूले राख्ने भएकाले माझी सीमान्त बन्दै गएका देखिन्छन् ।

### ३.२ परम्परा तथा ऐतिहासिक पृष्ठभूमि

'नदी किनाराका माझी' काव्यमा आएका सीमान्तीय पात्र तथा सीमान्तीय वर्ग उनीहरूको वर्तमान अवस्थाले नभई परम्परा तथा ऐतिहासिक पृष्ठभूमिका कारण सीमान्त बन्दै गएका छन् । आफ्ना पूर्खाको परम्परा धान्ने क्रममा माझी अन्य सीप सिक्नेतिर लाग्दैनन् । त्यसै गरी माझीका पूर्खाहरूको इतिहास र त्यो इतिहासले बनाएको सीमालाई सत्य मान्ने माझी समुदायको आदत रहेको छ । यस्तै परम्परा र इतिहासको पुनरावृत्ति गरेकै कारण माझी सीमान्तीय बन्न पुगेको देखिन्छ ।

यी पानीका पुरखा यी वेगवान खोलाका पुरखा

खातैखात पुरखाका यी माझीहरू

जाल फेकेर खेल्छ, फ्याँकिका जाल टिपेर खेल्छ

टिपेका जाल बटुलेर खेल्छ, भीर मौरीका घार

देशका हृदय माझ छामछुम गर्छ नाङ्गा पानीका दह

कसैको ढुकढुकी हुन्छ कि नाभीमा

कतै हृदय हुन्छ कि कोमल न्यानुमा

दोभानसँग नाङ्गा छोप्ने कत्ला हुन्छ कि पानीमा

उल्लिखित काव्यांशमा पानीका पुर्खाका रूपमा रहेका माझी यही पानीमा खेल्दा खेल्दै सीमान्तीय बनेको कुरा बताइएको छ । यसमा माझीले जाल फ्याँकिको, टिपेको र गहिराइमा गएर छामछुम गरेको चर्चा गरिएको छ । यसक्रममा पानीको गहिराइमा रहेका माछालाई भीर मौरीका घारका रूपमा देखाइएको छ भने त्यहाँ पुगेर माझीले गरेका छामछुमलाई नाभीमा ढुकढुकी र हृदयमा न्यानो खोजेको बताइएको छ । यस काव्यांशमा माझी नदीको गहिराइमा गएर माछा खोजेको र सीमान्तीय वर्गले अन्य वर्गका मानिसले आफूप्रति कुनै किसिमको चिन्ता (ढुकढुकी) र आत्मीयता (न्याना) देखाउँछन् कि देखाउँदैनन् भन्ने दुई किसिमका अर्थ एकसाथ आउने पदावलीको प्रयोग गरिएको छ । कविको यसप्रकारको कथनले पुर्खाकै परम्परालाई आत्मसाथ गर्दा गर्दै माझी सीमान्तीय बन्न पुगेका हुन् भन्ने देखिन्छ ।

पुरखाको भाग्यमा यसरी भूल खेल्नु जाल बोकेर अन्धकार दह

घर सम्झेर पुनः पानीमा दौडन

दिनौँ चर्न निस्कनु खर्कमा कोठाबाट माझी

पुनः एकादेशबाट अर्को देशतिर लम्कदै पानी खर्कमा

अनिकाल सहकाल बोकेर

गाउँबाट गाउँ जाने प्रथामा

उल्लिखित काव्यांशमा माझीको दिनचर्यालाई पुर्खाका कार्यको निरन्तरताका रूपमा लिइएको छ । यसमा पुर्खा र भाग्यका भूलमा परेर माझी जाल बोकेर अन्धकार दहमा प्रवेश गरेको, घर सम्झेर घर गएको पुनः पानीमा पुगेको, यही क्रमलाई निरन्तरता दिनु सिवाय अन्य काम गर्न नसकेको कुरा व्यक्त गरिएको छ । माझीको यस प्रकारको दैनिकी बताउने क्रममा खोलालाई खर्कका रूपमा लिई माझी त्यहाँ माछा मार्न गएको कार्यलाई खर्कका चर्न गएको बताइएको छ । माझीका यी कार्य अनिकाल र सहकाल आउने क्रममा रहेको बताइएको छ । यसप्रकारका कथनमार्पmत प्रस्तुत काव्यांशमा पुर्खाका कार्यको निरन्तरता दिने क्रममा माझी सीमान्तीय बन्दै गएको तर्पm सङ्केत गरेको देखिन्छ ।

यसपालाको नयाँ थान अर्को छ मर्न पर्ने

थपिएको भाका अर्कौ छ यसपाला नयाँ एउटा

नाङ्लोमा चढाउने रहरको अर्चना अर्कै हुन्छ बत्तीमा

रातको मध्य खोला बीच बत्तीको प्रवाह

नतमस्तक हुने कार्य त बाँकी नै छ कुस्त कुस्त

पुर्खौली विश्वास गाउँघर माझीमा बाँकी नै छ

यस काव्यांशमा माझीको पुख्र्यौली परम्पराको बारेमा चर्चा गरिएको छ । यसमा यसपाला अर्को नयाँ थान बनाइएको, नयाँ भाका थपिएको, नयाँ नाङ्लोमा बत्ती बाली मध्य रातमा खोलाको बीचमा छोडिएको र त्यो देखेर माझी नतमस्तक भएको कुरा बताइएको छ । यसक्रममा यी सबै कुराका बारेमा चर्चा गर्दै पुख्र्यौली विश्वास माझी समुदायका गाउँघरमा बाँकी नै रहेको बताइएको छ । यसरी प्रस्तुत काव्यांशमा माझीको जीवन पुख्र्यौली विश्वासलाई निरन्तरता दिने क्रममा आएको देखिन्छ । प्रस्तुत काव्यांशका अनुसार पुख्र्यौली विश्वासलाई निरन्तरता दिएकै कारण माझी सीमान्तीय बन्न पुगेको कुरा बताइएको छ ।

आन्द्रे सारंगीले गीत गाउँछ गाउँदैन गाइनेले

माझी अन्त बसाइँ जान हुँदैन, रित्तो पेट अन्त बस्न पाइँदैन

रिङटा चल्न पर्छ, भाउन्न हुन पर्छ, बेसाहा नपाएर

माझी अन्त बसाईं जान हुँदैन

दिनमा नियाश्रा चराउने भूमि नजिक खोलामा हुन्छ हुँदैन

काँधमा हलो जुवा बोक्न माझी बसाईं जान हुन्न

माझीका अनेक प्रचलनहरू पहिलेदेखि स्थापित छन् । ती प्रचलनलाई तोड्नु हुँदैन भन्ने विश्वास माझी समुदायमा रहेको छ । यस कुरालाई उल्लिखित काव्यांशमा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यसमा गाइनेले आन्द्रे (आन्द्राको आकारको) सारङ्गी बजाई गाउँछ गाउँदैन भनी माझी समुदायमा व्याप्त भोकको स्थितिलाई बताइएको छ । रित्तो पेट बस्न नपाइने कारणले माझी अन्त बसाईं जान हुँदैन भनिएको छ । माझी अन्त बसाईँ जान नुहुने कारण बताउने क्रममा बसाईं गएको ठाउँमा माझीले खान लाउन पो पाउने हो कि भनी व्यङ्ग्य गरिएको छ । त्यसै गरी यस काव्यांशको अन्त्यमा काँधमा हलो जुवा बोक्न (कृषि पेशा अपनाउन) माझी अन्त जानु हुँदैन भन्दै माझीको परम्परा र उनीहरूको इतिहासले जस्तोसुकै अवस्था आए पनि अन्यत्र बसाईं जान बन्देज लगाइएको चर्चा गरिएको छ । यस चर्चाले माझी समुदाय अन्य पेशा व्यवसायतिर जान नसकेको र अभाव सहेर पनि आफ्नै पुख्र्यौली परम्परालाई निरन्तरता दिएर बसेको छ भन्ने कुरा बुझिन्छ । यसप्रकार परम्परा र पुख्र्यौली प्रचलनको निरन्तरता दिने क्रममा माझी सीमान्तीय बनेको देखिन्छ ।

आदित्यवार शनि भन्ने मुखिया बस्छ बस्दैन

गाउँ छाडेर कता जानु, मुखिया छाडेर कता जानु

त्यस गाउँमा मुखिया मन नलागे पनि जुङ्गा लामो छ

चोप्छ चोप्तैन डबकोमा

पुड्के कान्छो पिए पनि नपिए पनि जुङ्गा ताउ गर्छ गर्दैन

युवती होस् या वृद्धा नांगा डुल्ने ठाउँ हुन्छ हुँदैन

यस काव्यांशमा माझीलाई बसाईं सर्न रोकेका कारणका बारेमा चर्चा गरिएको छ । माझीलाई बसाईं सर्न वा आफ्नो जीवनलाई सहज बनाउन परम्परा तथा परम्परादेखि बसेको आदतले रोकेको छ । माझी समुदायको सर्वोच्च नेतृत्वकर्ता र आदेशकर्ता मुखिया रहने परम्परा रहेको छ । यही परम्परामा हुर्किएको माझी आपूm मुखिया बिनाको जीवन कल्पना गर्न नसक्ने गरी अधीनस्थ बनिसकेको छ । यस कुरालाई प्रस्तुत काव्यांशमा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यस क्रममा गाउँ छोडेर बसाईं जाँदा

शनिबारलाई आइतबार भन्ने, डबकोमा लामा जुँगा चोप्ने, जाँड पिए पनि नपिए पनि जुँगामा ताउ लगाउने मुखिया नभएको ठाउँमा कसरी माझी बसाईं सर्न सक्छ भनी व्यङ्ग्य गरिएको छ । त्यसै गरी युवती तथा वृद्धा नाङ्गै डुल्ने ठाउँ हुन्छ कि हुँदैन भनी उनीहरूको दरिद्रीपनको पनि व्यङ्ग्य गरिएको छ । यसप्रकारको कथनबाट प्रस्तुत काव्यांशमा मुखिया मान्ने परम्पराका कारण माझी अन्यत्र बसाईं सरेर जान नसकेको र यही ठाउँमा दरिद्र जीवन बिताइरहेको कुरा व्यक्त गरिएको छ । कविको यस कथनले मुखिया मान्ने परम्परार र यही परम्पराका कारण माझी सीमान्त बनेको देखिन्छ ।

माझीका पुर्खाले आफ्नो जीवन पानीमै जाल खेलेर बिताए । उनीहरूले आफ्ना सन्ततिलाई माछा मार्ने काम सिवाय अन्य काम सिकाएनन् । पुर्खाकै कार्यको निरन्तरतामा माझीहरू जीविकोपार्जन गर्न थाले । अन्य समुदायका मानिस आफ्ना पुर्खाले गर्दै आएका कामका अतिरिक्त समयानुकूलका जीविकोपार्जनका उपाय खोज्न तर्पm लागे र आपूmलाई पहुँचयुक्त बनाउन सफल भए । खोलामा माछा मार्दै बसेका माझी खोलामै सीमित भएकाले उनीहरू सीमान्त बन्न पुगेका देखिन्छन् ।

### ३.३ अशिक्षा र अन्धविश्वास

'नदी किनाराका माझी' काव्यमा माझी समुदायको इतिहास, परापूर्वकालदेखिका मूल्य मान्यता र वर्तमान जीवन भोगाइलाई प्रस्तुत गरिएको छ । यसमा परापूर्वकालदेखि माझी अधीनस्थ बन्दै आएको देखाइएको छ । माझी अधीनस्थ बन्नुका कारणमा अशिक्षा, अन्धविश्वास र यिनीहरूकै कारणले गरिब भएको कुरा यस काव्यमा उल्लेख गरिएको छ । अशिक्षा र अन्धविश्वासमा भर पर्ने भएकाले अधीनस्थ बनेको र माझी अधीनस्थ भएकै कारणले सीमान्तीय बन्न पुगेको छ । यस दृष्टिले हेर्दा 'नदी किनाराका माझी' काव्यको माझी सीमान्तीय बन्नुको मूल कारण अशिक्षा र गरिबीलाई लिन सकिन्छ ।

माझीका तिघ्राले थाम्न सकेन, अर्थशास्त्रका बाहुले थाम्न सकेन
मन्सिन नसक्ता अप्रत्यक्षतः भूत र प्रेत बाधाहरू
बलि बलि र भाकलले थाम्न नसक्ता
माझीले छोप्न नसक्ता उर्लदो आशंकाहरू
बिहान बिहान माझीको सूर्य निक्लदा पहाडमा प्वाल परेको छ
माझीहरू विश्वास फुकेर पहेंला अक्षता हावामा फेक्तै छन्
अन्ध विश्वास विश्वासमा विरान भएको रहेछ माझी सीप्त
सोध्दा भन्छौ पानीको साँध बिना बाँच्तैन माझी, म मान्दिन
कोही तिमी किन आज पनि संकीर्ण विश्वास रोपेका छौ
के त अभाव र अन्ध विश्वास पिएर माझी आज पनि बाँच्छ

उल्लिखित काव्यांश माझी समुदायमा विद्यमान भूत प्रेतसँग सम्बन्धित अन्धविश्वाससँग सम्बद्ध छ । यसमा अन्धविश्वासमा विश्वास गर्ने माझी आफ्नो शक्ति र सामर्थ्यको प्रयोग गर्नुको सट्टा बाधा पन्छाउन भूत प्रेत मन्साउने गर्छ भनिएको छ । भूत प्रेत मन्साउने क्रममा माझी बली र बलीका भाकलहरू गर्छ । माझीको यस प्रयासलाई कविले उसको सीप त विश्वासदेखि विरानो भएर अन्धविश्वासमा परिणत भएको बताएका छन् । यसमा कविले 'पानी बिना माझी बाँच्दैन' भन्ने भनाइको विरोध गर्दै कसैमाथि सङ्कीर्ण विश्वास रोपिदिएकोमा असन्तुष्टि व्यक्त गरेका छन् । उनले आज पनि माझी यही अभाव र अन्धविश्वास पिएर बाँच्न सक्छ ? भनी प्रश्न गरेका छन् । उनले यस काव्यांशमा माझी अभाव र अन्धविश्वासका कारण सीमान्तीय बन्दै गएको हो भन्ने कुरालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् ।

प्रत्येक रोग प्रकोप नभई विश्वास हुन्न बोकेको छ

आउने अनिष्ट लागुमा गाँसिए ठीक छ खोलाको

कस कसबाट आपत हुन्छ, कुन परीबाट कष्ट

धामी भन्छ, झाँक्रीले भन्छ, खरानी लिनेले भन्न सक्छ

जल बीचमा कसले स्वर्ण मुद्रा बोकेको छ

सहकाल गर्न कस्ले दृष्टि दिएको छ

पैह्रा र भेलहरू असीना र बाढीहरू झरी र बादलहरू

राक्षस खेल्ने हार जितका कुस्ती पो हुन्

परिणति बारे पुरखाले यस्तो कथा भनेका छन्

प्रस्तुत काव्यांश धामी, झाँक्री जस्ता अन्धविश्वास सम्बद्ध छ । यसमा माझीहरू प्राकृतिक प्रकोप, रोग आदिलाई प्रकोपका रूपमा नलिई विश्वासका रूपमा लिन्छन् र त्यसको समाधान धामी झाँक्रीबाट खोज्छन् भनिएको छ । यसक्रममा धामी झाँक्रीले कसबाट माझी समुदायलाई आपत विपत् आइलाग्छ, कुन देवदेवीबाट कष्ट हुन्छ, कसको भाग्य राम्रो छ, कसका घरमा सहकाल हुन्छ, पहिरो, भेल, असिना, बाढी, झरी, बादल आदि प्राकृतिक चक्र कस्तो हुन्छ जस्ता कुराको भविष्यवाणी गर्ने कुरा बताइएको छ । माझी समुदायमा पितापुर्खाका पालादेखि चलिआएका यस्ता अन्धविश्वास हट्न सकेका छैनन् । यी प्रकृतिका नियमित चक्र र कहिलेकाँही आउने प्राकृतिक प्रकोपलाई माझी दैवी खेलबाहेक केही देख्दैन । यसप्रकारका अन्धविश्वासलाई विश्वास गरेको कारण माझी बाहिरी संसारबाट टाढा रहेको आशय यस काव्यांशमा व्यक्त भएको छ । यसरी परिवर्तित समयमा पनि अन्धविश्वासमै विश्वास गर्ने भएकाले माझी सीमान्तीय बन्दै आएको कुरा उल्लिखित काव्यांशबाट पुष्टि हुन्छ ।

माझीका गालामा एक चड्कन दिन मन लाग्छ एक थप्पड दिन

कोमल हाँसका अप्रतिरोध पूर्ण वलिमा

अलौकिक विश्वासबाट उभिएको बेला

आवेशपूर्ण निरीह जीव परेकामाथि विश्वास गरेको बेला

पूmलका थुङ्गाहरू हुन थुंवाहरू माझीका

भीमसेन पाती हुन् कुखुराका प्वांख

सयपत्री पूmल हो बोकाको गर्धन माझीको

मखमलीका केशर हुन् रगतका वलिहरू

उल्लिखित काव्यांश माझीले दिएको पशुपंक्षीको बलीप्रति कविको आक्रोशसँग सम्बन्धित रहेको छ । यसमा माझी अलौकिक विश्वासका परेर आफ्ना दुःख कष्ट हटाउनका लागि निरीह जीवको बलि दिएको चर्चा गरिएको छ । यसक्रममा प्रतिरोध गर्न नसक्ने कोमल हाँसको बलि दिइएको, निरीह जीव परेवाको बलि दिइएको, थुंवाहरूलाई पूmलका थुँगा मानेको, कुखुराका प्वाँखलाई भीमसेन पाती ठानेको, बोकाको गर्धनलाई सयपत्री ठानेको, बलिका रगतलाई मखमलीका केशर मानेको बताइएको छ । माझीको यसप्रकारको अन्धविश्वासलाई देखेर कविले माझीका गालामा एक चड्कन दिन मन लागेको बताएका छन् । उल्लिखित प्रसङ्गलाई हेर्दा यस काव्यको माझी अन्धविश्वासमा विश्वास गर्ने प्रवृत्तिको देखिन्छ । यही अन्धविश्वासलाई विश्वास गर्ने भएकाले प्रस्तुत काव्यको माझी सीमान्तीय बन्दै गएको देखिन्छ ।

के थाहा बसाइँ सर्दा अन्धविश्वास त्यस ठाउँमा पुग्छ पुग्दैन

नयाँ ठाउँ टाढा पुगर बेसाहा खोज्ने ठाउँ

माझीलाई बगर बगरवत प्रस्तर र मरू खण्डहर

हुन्छ हुन्न

अपठेरो सपठेरो भविष्य फलाक्ने हुन्छ हुँदैन मुखिया

अरू के खोज्छ माझी बसाइँ सर्न अरू के खोज्छ

माटोमा जान्दैन माटोमा खेलेको जालमा माछा पर्दैन

अनि मनमाफिक कहाँ पाइन्छ र जावी भर्न

बहना जोत्न हुन्न न माछो पाखो चर्न आउन सक्छ

बल्छीले नगोज खोलाबाट उतार्न पुग्छ

अरू के सक्छ माझीले अन्त गर्न

बलिया बलिया अन्धविश्वासका गरा तगारा उखेलेर गर्न

प्रस्तुत काव्यांश अन्धविश्वासका कारण माझी खोला छोडेर खेती गर्न जान निस्कने विषयसँग सम्बन्धित छ । यसमा माझी अन्धविश्वासका कारण पुर्खौँदेखि पानीमा बाहेक अन्यत्र काम गर्न नसक्ने कुराको चर्चा गरिएको छ । यसक्रममा व्यङ्ग्यात्मक रूपमा माझी बसाईँ सर्दा अन्धविश्वास त्यस ठाउँमा पुग्छ पुग्दैन, बगर, प्रस्तर र मरुखण्ड हुन्छ हुन्न, भविष्य फलाक्ने मुखिया हुन्छ हुँदैन भनिएको छ । त्यसै गरी माझी माटोमा खेती गर्न नजान्ने, माटोमा जालमा माछा नपर्ने, मनलागि जावी भर्न नपाइने, बहना जोत्न नहुने, माछो पाखो चर्न आउन नसक्ने, बल्छी गोज्न नमिल्ने जस्ता विषय उठाई बलिया अन्धविश्वासका तगारा उखेलेर माझी खेती गर्न सक्दैन भनिएको छ । कविको यस कथनबाट प्रस्तुत काव्यांशको माझी अन्धविश्वासका कारण पानी बाहिरको संसारमा जान नसकेको बुझिन्छ । यसरी अन्धविश्वासका कारण माझीको जीवनमा कुनै परिवर्तन आउन नसकी ऊ सीमान्तीय बन्न पुगेको देखिन्छ ।

समर्पणमा ल्याएको पुष्प फर्काउनत भएन फर्काउन

चढन पर्छ यो सच्चा पूmल हो छलकपट होइन,

नत मस्तछ छ माझी चढ्न पर्छ

पाठो भनेको पुष्पको सुन्दर थुंगा हो

उसको रक्त तरल अविर हो

खोलामा लावा पूmल र पाठी पूmलको नै एक थुंगा हो

अरू चढन हुँदैन नजर छलेर क्यै ल्याएको छैन

(जलमा होस थलमा, कुन देश र द्वीपको हो मुखिया,

भन यो वलिको रहस्य किन बोको देखिएको छ)

यो काव्यांश मुखियाको निर्देशनमा माझीले बलि चढाएको विषयसँग सम्बद्ध छ । यसमा माझीले बोका पाठालाई पूmलसरह बलि दिएर देवतालाई चढाएको कुरा चर्चा गरिएको छ । यसक्रममा देवताको समर्पणमा ल्याएको पुष्प भनी बलकिा लागि तयार पारिएको पशुलाई भनिएको, पशुरूपी पूmल फर्काउन नमिल्ने, माझी नतमस्तक भई पाठोलाई पूmलको थुँगाका रूपमा चढाउन तयार भएको, पाठाको रगतलाई तरल अविर ठानिएको जस्ता विषय उठान गरिएको छ । प्रस्तुत काव्यांशको अन्त्यमा कोष्ठकभित्र मुखियाले बलि

चढाउनुको रहस्य के हो ? भनी प्रश्न गरिएको छ । यसप्रकारका कथनबाट प्रस्तुत काव्यांशमा मुखियाको निर्देशनमा अन्धविश्वासी माझी प्राणीलाई फूलसरह बलि चढाउँछ भन्ने बुझिन्छ । यसरी अन्धविश्वासमा परेको माझी मुखियाको आज्ञाइतर चल्न नसकेको र अन्धविश्वासमा विश्वास गर्ने भएकोले सीमान्तीय बन्न पुगेको देखिन्छ ।

गाउँले हो पर्दा छ, आँखामा बाक्लो पर्दा छ
भाग्यमा चुकुल हालेर झुलको खोल ढाकेको छ,
लाटा त लाटा छन् यिनीहरू, पूर्णे औसी खुट्याउन असमर्थ
एकैपल्ट सात वार भन्न नजान्ने गन्न,
गाउँमा थापना गर थपुवा आँखा देवी प्रकोप भएको

उल्लिखित काव्यांश माझीको अशिक्षासँग सम्बन्धित छ । यसमा अशिक्षाका कारण माझीहरू सामान्य विषय पनि नजान्ने भएको बताइएको छ । यसक्रममा गाउलेहरूको आँखामा बाक्लो पर्दा भएको, भाग्यमा चुकुल हालेको, औँसी पूर्णे छुट्याउन नसक्ने, एकैपल्ट सात बार गन्न नजान्ने भएकाले उनीहरूलाई आँखा देवी (शिक्षा) को आवश्यकता भएको बताइएको छ । कविको भनाइ माझी समुदाय अशिक्षाका कारण पछाडि परेको हुनाले उनीहरू शिक्षा प्राप्त गर्न लाग्नु पर्ने भन्ने देखिन्छ । यसप्रकारको कविको आशयबाट प्रस्तुत काव्यांशको माझी अशिक्षाका कारणले सीमान्तीय बन्न पुगेको हो भन्ने बुझिन्छ ।'नदी किनाराका माझी' काव्यमा माझी, मझिनी र माझीको परिवार सीमान्तीय वर्गका व्यक्ति हुन् । यसमा आएको माझीले समग्र माझी समुदायको प्रतिनिधित्व गरेको छ । माझी समुदायको माझी पुस्तौँदेखि नदी किनारामा बसोबास गर्दै आएको छ । माझी सीमान्तीय हुने प्रक्रियामध्ये माझी समुदायमा रहेका अशिक्षा र अन्धविश्वास प्रमुख रहेका छन् । यस काव्यमा परम्परादेखि माझी शिक्षा विहीन भएको चर्चा गरिएको छ । माझी तथा माझी समुदाय शिक्षाबाट धेरै टाढा रहेका छन् । उनीहरूको समुदाय अन्धविश्वासमा विश्वास गर्छ र त्यसभन्दा पर गएर संसारका अन्य कुराहरू देख्दैन । ऊ भूत-प्रेत, धामी-झाँक्री, पशुबलीबाट सुख प्राप्त हुने, अन्यत्र बसाईँ सरेर जाँदा अपशकुन हुनेजस्ता अन्धविश्वासमा परेको छ । यही अन्धविश्वास र अशिक्षाका कारण उसको जीवनमा कुनै किसिमको परिवर्तन आउन सक्दैन । माझीलाई अशिक्षा र अन्धविश्वासले युगौँदेखि सीमान्तीय बनाउँदै आएको र यसकै निरन्तरताका कारण ऊ अझ सीमान्तीय बन्दै गएको देखिन्छ ।

### ३.४ मुखिया पद्धति

'नदी किनाराका माझी' काव्यमा प्रभुत्वशाली वर्गको प्रतिनिधि पात्रका रूपमा मुखिया रहेको छ । मुखिया पनि माझी समुदायकै सदस्य हो । माझी समुदायको सदस्य भए पनि ऊ माझीलाई अधीनस्थ बनाउन उद्दत्त रहेको देखिन्छ । परम्परादेखि मुखिया पद्धतिमा रहेको माझी समुदाय मुखियाकै कारणले अधीनस्थ बन्न पुगेको छ । त्यसो त मुखिया पनि राज्यशक्तिमा पहुँच भएको व्यक्ति भने होइन तर उसका

कारणले माझी समुदाय अझ बढी सीमान्तीय बन्न गएको देखिन्छ । इतिहास र परम्पराले मुखियालाई शक्तिशाली बनाएको छ । माझी समुदायको शक्तिशाली मुखियाले चाहेको खण्डमा माझी समुदायनै परिवर्तन हुन सक्थ्यो, तर त्यसो नगरी यस काव्यको मुखिया माझीलाई नै अधीनस्थ बनाउमा केन्द्रित भएको देखिन्छ र यही मुखिया पद्धतिका कारण माझी सीमान्तीय बन्दै गएको हो भन्न सकिन्छ ।

खोरमा कसका बलिया पाठाछन् दिन आयो,

मुखियाले अब के भन्ने हो थाछैन

मुखियाले के भन्ने हो,

अब कुन खोरको तानिने हो,

माझी हामफालेको बदला के वलि जाने हो,

परेवाले हुन्न, कुखुराले हुन्न, बरू माझीका सपनाले नभएर

सपना मुखिया आपैmले देख्न पर्छ,

उल्लिखित काव्यांश नदीमा डुबेको माझीको संस्कारमा गरिने कार्यसँग सम्बद्ध छ । यसमा माझीको मृत्यु संस्कारमा मुखियाले कसका खोरका बलिया पाठा तान्ने हो ? भन्ने विषयमा चर्चा गरिएको छ । यस क्रममा खोरमा भएका बलिया पाठाको दिन आएको, मुखियाले के भन्ने हो माझीलाई थाहा नभएको, माझी हामफालेर मरेको बदलामा परेवा, कुखुरा आदिको बलीले नहुने र यसमा के को बली दिने भन्ने कुरा मुखियाले निर्धारण गर्ने बताइएको छ । कविको यस कथनले माझी स्वेच्छाले पशुपंक्षीको बली दिन सक्दैन, यसमा मुखियाले जसको खोरको इच्छा गर्यो त्यसको घरको बलियो पाठो तान्न सक्छ भन्दै मुखियाको स्वेच्छाचारी नेतृत्वको अवस्था देखाएको छ । यसमा माझी केही पनि बोल्न नसक्ने र बोल्न नपाउने अवस्थामा देखाइएको छ । यसबाट प्रस्तुत काव्यांशमा मुखियाको एकाधिकारका माझी सीमान्तीय बन्दै गएको देखिन्छ ।

मुखिया माझीले हेर्ने अखबार हो, मुखिया टेलिभिजन गाउँको

स–सम्मान निर्णय अत्याधुनिक आत्मसम्मान

माझी बीचको टेलिफोन टेलिप्रिन्ट जे छ,

हृद मन्दिर मुखिया नै हो,

मुखियाले नभने कस्ले भन्छ गाउँ आफ्नू संझेर,

यस खोलामा स्पेस क्राफ्ट छाडे उसैले छाड्छ,

मुखियाले नै छाड्ने छ, आवश्यक सम्झे

यस गाउँबाट राडारहरू

यो काव्यांश माझी समुदायका सम्पूर्ण सूचनाको स्रोत मुखिया भएको विषयमा केन्द्रित छ । यसमा मुखियाले माझी समुदायमा केकस्ता सूचना प्रवाह गर्छ र नदीमा कसरी नियन्त्रण गर्छ भन्ने कुराको चर्चा गरिएको छ । यसक्रममा मुखिया माझीका लागि अखबार र टेलिभिजन भएको, सम्पूर्ण गाउँको निर्णय गर्ने अधिकार पाएको, माझीको हृदयको मन्दिर भएको, गाउँलाई नै आफ्नो सम्झने, खोलामा आवश्यक सम्झे स्पेस क्राफ्ट र राडार छोड्न सक्ने जस्ता अधिकार सम्पन्न भएको बताइएको छ । कविको यस भनाइबाट मुखिया आत्मनिर्णयमा चल्ने, साना कुरामा पनि माझी समुदायमाथि अधिकार जमाउने र आवश्यक ठाने बाहिरी संसारका बारेमा सूचना दिने व्यक्ति भएको देखिन्छ । यी सम्पूर्ण कुरालाई हेर्दा माझीलाई सूचना दिनेदेखि नदीमा प्रवेश गर्ने अनुमति दिनेसम्मका काम मुखियाको नियन्त्रणमा भएको देखिन्छ । मुखियाको यस किसिमको हैकम अहिलेको मुखियाले मात्र गरेको नभई मुखिया परम्पराको स्थापनादेखि नै चलेको देखिन्छ । यही परम्पराको निरन्तरता दिने मुखियाका यसप्रकारका प्रभुत्वका कारण माझी सीमान्तीय बन्दै गएको हो भन्न सकिन्छ ।

म यो पहरा थर्केको, युग पुरुष गर्जेको

मुख मुखियाको पडकेको,

पर्सेलेर गाउँका सबै माझी डो¥याएको छ,

कसले मानिस पशु भन्छ, कसले पशु मानिस भन्छ,

लामो लस्कर बिस्तारै खोला लस्केको छ,

माझी हेरेका छन् देख्दैनन्, सुनेका छन् बुझ्दैनन्,

जल पालेका छन् हाँसहरू तिनै हेर्चाह गर्छन ओदहरू

प्रस्तुत काव्यांश मुखियाले माझीलाई कसरी अधीनस्थ बनाएको छ भन्ने विषयमा केन्द्रित छ । यसमा मुखियाले माझीलाई र बलिका लागि तयार पारिएको पाठोलाई डो¥याउँदै खोलामा लगेको कुरा चर्चा गरिएको छ । यसक्रममा मुखिया युगपुरुष बनेर पहरा थर्केजस्तो आवाजमा निर्देशन गर्ने, गाउँका माझी र बलिका लागि तयार पारिएको पशु डो¥याउँदै खोलामा पु¥याउने, को मानिस र को पशु छुट्याउन नसकिने अवस्था, माझी हेरेर पनि नदेख्ने तथा सुनेर पनि नबुझ्ने अवस्थामा पुगेका जस्ता कुरा बताइएको छ । यी

कुराबाट प्रस्तुत काव्यांशमा आएको माझी केही देख्न र बुझ्न नसक्ने र सम्पूर्ण कुरा मुखियाको निर्देशनमा हुने भन्ने बुझिन्छ । माझीको यो अवस्था आउनुमा मुखियाले माझीलाई अधीनस्थ बनाएका कारणले भएको देखिन्छ । मुखियाले माझीलाई अधीनस्थ बनाएको अहिलेको अवस्थामा नभई परम्परादेखि स्थापित मुखिया पद्धति भएको देखिन्छ । यसरी प्रस्तुत काव्यांशमा मुखियाको एकाधिकारका कारण माझी केही गर्न नसक्ने गरी सीमान्तीय बनेको देखिन्छ ।

गाउँमा कैले नपडकिने आज बगर बगर पडकिएको छ,

कस्ले ताकेर कस्ले हो हेर छलियो छलिएन माझीहरू,

पाठो एकछिन अघि गोली लागेर ढुङ्गामा डुँडमाछ,

मुखियाले बर्षौं यसरी नै मिर्ग ढाल्छ,

मुखियलो यसरी नै ढाल्छ मन लागेमा कालिज सम्म,

पापी हो मुखिया पापीनैहो कुन माझीको यसैगरी ज्यान जान्छ,

प्रस्तुत काव्यांश मुखियाले माझी समुदाय र गाउँमाथि गरेको ज्याजतीमा केन्द्रित रहेको छ । यसमा मुखियाले मृग, कालिज आदि मार्न बन्दुक पड्काएको कुरा चर्चा गरिएको छ । यस क्रममा बगरमा बन्दुक पड्किएको, मृगको पाठो गोली लागेर ढुङ्गामा लडेको, मुखियाले यसै गरी कालिजसम्म मार्ने गरेको, मुखिया पापी भएको र कुनै दिन यसै गरी माझीको ज्यान पनि जान सक्ने कुरा गरिएको छ । कविको यस कथनले प्रस्तुत काव्यांशको मुखिया माझी समुदायको सर्वेसर्वा भएको र उसले माझी समुदायमाथि प्रभुत्व स्थापित गरेको देखिन्छ । मुखियाको यसप्रकारको कार्यमा माझी कुनै किसिमको प्रतिरोध गर्न सक्दैन । यसप्रकार परम्परादेखि स्थापित मुखियाको प्रभुत्वशाली प्रवृत्तिका कारण माझी सीमान्तीय बन्दै गएको देखिन्छ ।

'नदी किनाराका माझी' काव्यमा माझी सीमान्तीय बन्नका पछाडि माझी समुदायमा रहेको मुखिया पद्धति पनि प्रमुख रहेको देखिन्छ । माझी समुदायको मुखिया उनीहरूको सूचनाको स्रोत, अन्धविश्वासको संरक्षक, संस्कारका नाममा कुसंस्कारलाई बढवा दिने, माझीको नीजी सम्पत्तिमा पनि आफ्नो अधिकार स्थापित गर्ने, माझी गाउँ, खोला र प्रकृतिका जीवमाथि पनि अधिकार जमाउने प्रवृत्तिको देखिन्छ । मुखियाका यी कार्यमाथि माझी कुनै किसिमको प्रतिरोध गर्न सक्दैन र उसको आज्ञा अक्षरशः पालना गर्छ । मुखियाका गतिविधि र उसको प्रभुत्वका सामु माझी निरीह बनेको छ । माझीको यो निरीहता तत्काल स्थापित परिस्थितिका कारण नभई युगौँदेखि स्थापित मुखिया पद्धतिबाट विकास भएको पनि देखिन्छ । तसर्थ

मुखियाका परम्परादेखिको प्रभुत्वशाली स्थितिबाट प्रस्तुत काव्यांशको माझी सीमान्तीय बन्दै गएको देखिन्छ ।

## ४. निष्कर्ष

'नदी किनाराका माझी' काव्यको सीमान्तीय पात्र माझी हो । यस काव्यमा माझीको परिवार तथा माझी समुदायको समग्र प्रतिनिधित्व माझीका माध्यमबाट गराइएको छ । यस आधारमा प्रस्तुत काव्यको सीमान्तीय पात्रका रूपमा माझी रहेको देखिन्छ । यस काव्यको माझी सीमान्तीय बन्ने प्रक्रियामा भाग्यमा विश्वास गर्ने र भाग्यले नै सवै कुरा पाउन सकिन्छ भन्ने माझीको विश्वास रहेको देखिन्छ । माझी आफ्ना पुर्खाले गर्दै आएको पेसालाई अपनाउनु आफ्नो कर्तव्य रहेको सम्झन्छ । माझीको यही पुर्खादेखि चलिआएका चलन र परम्परालाई छोड्न नसकेको कारणले पनि सीमान्तीय बन्न पुगेको देखिन्छ । यस काव्यको माझी समुदाय शिक्षाबाट वञ्चित रहेको छ । शिक्षाबाट वञ्चित भएका कारण ऊ अन्धविश्वासमा बाँचेको छ । यही अन्धविश्वास र अशिक्षाका कारण पनि माझी सीमान्तीय बन्न पुगेको देखिन्छ । माझी सामाजिक परम्परामा विश्वास गर्छ र माझी सामाजिक परम्परा मुखिया पद्धतिमा आधारित रहेको छ । मुखियाका अनुमति बिना ऊ केही पनि गर्न सक्दैन । यही मुखिया पद्धतिका कारण पनि माझी सीमान्तीय बन्न गएको देखिन्छ । यसरी 'नदी किनाराका माझी' कवितामा माझी भाग्यमा विश्वास, परम्परा र ऐतिहासिक पृष्ठभूमि, अशिक्षा र अन्धविश्वास, मुखिया पद्धति जस्ता कारणले सीमान्तीय बन्न पुगेको देखिन्छ । 'नदी किनाराका माझी' काव्यमा सीमान्तीय विश्लेषण पद्धतिले स्थापना गरेको जस्तो राज्यशक्तिको प्रत्यक्ष प्रभावबाट नभई अर्थात राजनैतिक कारणले नभई सामाजिक तथा ऐतिहासिक कारणबाट यस कृतिको सीमान्तीय वर्ग माझी सीमान्तीय बन्न गएको देखिन्छ । तसर्थ 'नदी किनाराका माझी' काव्यमा भाग्यवादी, अशिक्षा, अन्धविश्वास, ऐतिहासिक पृष्ठभूमि र मुखिया पद्धति नै सीमान्तीकरण प्रक्रियाका कारणका रूपमा रहेका देखिन्छन् । यो अध्ययन कृतिलाई सीमान्तीय आधारमा विश्लेषण गर्दा केकस्ता प्रविधिको प्रयोग गर्न सकिन्छ भनी अनुसन्धान गर्ने अनुसन्धाता, विश्वविद्यालयका विद्यार्थी तथा प्राज्ञिक वर्गका लागि सीमान्तीकरण प्रक्रियाको विश्लेषण गर्ने आधार सामग्री रहेको छ । यसले 'नदी किनाराका माझी' कविताभित्र रहेको सीमान्तीकरण प्रक्रिया कस्तो थियो भन्ने नवीन ज्ञानको पनि प्रतिपादन गर्दछ ।

## कृतज्ञता ज्ञापन

यो लेख 'नदी किनाराका माझी कवितामा सीमान्तीयता' शीर्षकको लघुअनुसन्धानसँग सम्बद्ध छ । यस लघुअनुसन्धानले विश्वविद्यालय अनुदान आयोग UGC Award No. SRDIG78t79-H&S-04 मा अनुदान प्राप्त गरेको हो । प्रस्तुत लेख यसै लघुअनुसन्धानको लेख प्रकाशनको प्रयोजनार्थ तयार पारिएको हुनाले विश्वविद्यालय अनुदान आयोग सानोठिमी, भक्तपुरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भसामग्री सूची

उप्रेती सञ्जीव (२०६८) सिद्धान्तका कुरा, अक्षर क्रियसन्स नेपाल ।

कोइराला, मोहन (२०३८), नदी किनाराका माझी, हिमाली शिशु संस्थान ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), उत्तरवर्ती नेपाली समालोचना केही प्रतिरूप, पैरवी प्रकाशन ।

बराल, ऋषिराज (२०७३), माक्र्सवाद र सबाल्टर्न अध्ययन, ललितपुर, साझा प्रकाशन ।

भट्टराई, तुलसी (२०६६), नेपाली वाङ्मयका साधक र साधना, साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०७१), श्वेत भैरवी कथामा अवरजन, मधुपर्क (४७÷४, पूर्णाङ्क ५४३, भदौ) पृ.२५ ।

श्रेष्ठ, तारालाल (२०६८), शक्ति, स्रष्टा र सबाल्टर्न, डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०६८), सबाल्टर्न, इतिहास र बोली, शक्ति, स्रष्टा र सबाल्टर्न, काठमाडौँ ः डिस्कोर्स पब्लिकेसन ।

Antonio, G. (1971). Prison Notebooks. Lawrence & Wishart.

Gayatri, S., Chakravorty (1988). Can The Subaltern Speak ? MacMillan.